## प्रेस विज्ञप्ति वैशाख २८ , २०८०

नेपाल कला सम्पदाहरुले भरिपूर्ण देश हो। नेपालका सांस्कृतिक, पुरातात्विक महत्वका सम्पदाहरुले विश्वमै विशिष्ट र मौलिक पहिचान बोकेका छन् । हाम्रो पहिचानको धरोहरको रुपमा रहेका यस्ता सांस्कृतिक सम्पदाहरु नाश हुने क्रम र चोरी निकासी गरिने कार्य पनि वर्तमान समाजको लागि उत्तिकै गम्भिर विषय भएको छ। सांस्कृतिक सम्पदाहरुको विशिष्ट गुण, कौतुहलता र सौन्दर्यबाट प्रभावित भएर यस्ता वस्तुहरु संकलन गरिने परम्परा प्राचीनकालदेखि सुरु भएको थाहा पाइन्छ। विशेष गरी समाजमा अग्रस्थान राख्ने व्यक्तिहरुले नै सोखको रुपमा सांस्कृतिक बस्तुहरुलाई बढी रकम तिरी खरीद गरी संचय गर्ने परम्पराको सुरुवातले सांस्कृतिक सम्पदाहरुको चोरी, ओसारपसार र अवैध निकासीमा थप प्रेरक तत्वको काम गर्‍यो। सन् १९५० पूर्व नेपालबाट के कति सांस्कृतिक सम्पदाहरु बाहिरिए त्यसको रेकर्ड पनि पाइँदैन । तर विश्वका विभिन्न प्रख्यात संग्रहालयहरुमा प्रदर्शनमा राखिएका नेपाली विशिष्ट किसिमका कलाकृतिहरुले नेपालबाट हजारौंका संख्यामा महत्वपूर्ण कलाकृतिहरु बाहिरिएको कुरालाई भने नकार्न सकिँदैन । सन् १९५० पछि नेपालमा भएको राजनीतिक परिवर्तनले गर्दा शिक्षाको विकास, जागरण र सम्पदाप्रति जनचेतना पनि जाग्यो । यसै परिप्रेक्षयमा पर्यटनको विकासले सांस्कृतिक सम्पदाहरुको चोरी निकासी पनि हुन थाल्यो पर्यटनको विकासले नेपालमा विशेष गरी सत्तरी, असी र नब्बेको दशकमा धेरै संख्यामा सांस्कृतिक सम्पदाहरुको चोरी भएको देखिन्छ। सन् २००० देखि सांस्कृतिक सम्पदाहरुको चोरी र निकासी क्रमश: कम हुंदै गएको देखिन्छ । यस अवधिमा चोरी भएका महत्वपूर्ण सम्पदाहरु पनि सुरक्षा निकायहरुद्धारा वरामद गरी पुरातत्व विभागमा पठाएको देखिन्छ । चोरिएका मूर्तिहरुको उत्पत्ति स्थलमा हुने महत्व र उक्त स्थलमा बसोबास गर्ने मानिसहरुको मूर्ति प्रतिको आस्थाका कारणले यस्ता मूर्तिहरु यथास्थानमै प्रतिस्थापन गर्नुपर्छ भन्ने पछिल्लो समयमा विश्वव्यापी रुपमा विकास भएको मान्यता र विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय कानूनको विकासले नेपालभन्दा बाहिर गैरकानूनी रुपमा निकासी भएका सांस्कृतिक सम्पदाहरु फिर्ता हुन थालेका छन्। **हालसम्म बेलायत, अस्ट्रिया, अमेरिका, चीन( तिब्बत), भारत, जर्मनी र इटलीबाट जम्मा ९३ थान** मूर्तिहरु तथा कलावस्तुहरु विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय व्यक्ति तथा संघसंस्थाहरुको प्रयासबाट फिर्ता भइसकेका छन् भने अमेरिका, फ्रान्स, बेलायत, अष्ट्रेलिया जस्ता देशहरुवाट थप अरु केही कलावस्तुहरु फिर्ताको लागि कुटनीतिक  पहल भइरहेको छ ।

हाल प्राप्त भएका पुरातात्विक महत्वका २ कलात्मक मूर्तिहरुको उत्पत्तिस्थल नेपाल भएको भनी यस विभागबाट पुष्ट्याई दिएपछि अमेरिकाबाट फिर्ता भएका हुन् । दुई मूर्तिहरुमध्ये १५ औं शताब्दी काठको

कलात्मक नृत्यदेवीको मूर्ति सन् १९८८ देखि १९९३ को बीचमा ललितपुरको ईवहवहीबाट चोरी भई विभिन्न माध्यम हुँदै पूर्व अमेरिकाकी राजदूत Peter Burleigh को निजि संकलनमा रहेको थियो भने अर्को ८/९औं शताब्दीको प्रस्तरको उभिएको बुद्धको मूर्ति सन् १९७० मा ललितपुर, बुङमतिस्थित मच्छिन्द्रवहाल टोलको तग.चिवा (ठूलो चैत्य) बाट चोरी भई अमेरिकी फिल्म निर्माता माइकल फिलिप्सको व्यक्तिगत संग्रहमा रहेको थियो । उक्त मूर्तिहरु अमेरिकास्थित नेपाली राजदूतावासको पहलमा क्यालिफोर्नियास्थित नेपालको अवैतनिक महावाणिज्यदूत श्री ऋषि पुनाखर ढकाललाई फिर्ता गरी नेपाल पठाउन अनुरोध गरिएको थियो । उहाँले उक्त मूर्तिहरु नेपाल पठाउनको लागि Fedex Express लाई अप्रिल २८, २०२३ मा हस्तान्तरण गर्नु भएको थियो । उक्त मूर्तिहरु २०८०।०१।२६ (तदानुसार ९मे २०२३) मा नेपाल आई पुगेका छन् ।

प्राप्त कलवस्तुहरुलाई पुरातत्व विभागले सुरक्षा, संरक्षण र अनुसन्धानकर्ताहरु सम्मको पहुँचको लागि मिति २०८०।०१।२८ मा राष्ट्रिय संग्रहालयलाई हस्तान्तरण गरिसकिएको छ । साविककै स्थानमा पुनः स्थापनाको लागि अनुरोध भई आएमा प्राचीन स्मारक संरक्षण ऐन २०१३ को दफा २० क को प्रावधान अनुसार उचित देखिएमा सो गर्न पनि सकिने छ ।

यस कार्यलाई सफल बनाउन सहयोग गर्ने संयुक्त राज्य अमेरिकास्थित नेपाली राजदूतावास, यस कार्यमा संलग्न सम्पदा अभियन्ता ,कलाप्रमी, विभिन्न संचारकर्मी महानुभावहरुलाई धन्यवाद दिन चाहन्छौं ।

पुरातत्व विभाग

रामशाहपथ, काठमाण्डौं।